"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७८/०२/०७

## आदरणीय मतदाता तथा नगरबासीमा सम्झना तथा आभार

स्थानीय तहको निर्वाचन – २०७४ बाट महालक्ष्मी नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित भएको आज चौथो वर्ष पूरा भएको छ। नगरपालिकाको नेतृत्वका लागि छनोट गर्नुभएकोमा आदरणीय मतदाता नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीमा स्मरण तथा आभार व्यक्त गर्दछु। संवैधानिकरुपमा पाँच वर्षे कार्यकालको यो नै अन्तिम वर्ष हुनेछ।

संघीयतापछिको पहिलो नगर प्रमुख हुने अवसर प्राप्त भएकोमा व्यक्तिगतरुपमा गौरव महसुस हुनु स्वभाविक हो। मैले आफ्नो योग्यता, क्षमताले भ्याएसम्म निःस्वार्थ, पारदर्शी भएर इमान्दारितापूर्वक काम गरेको विश्वास लिएको छु। तर, मेरो कार्यको मूल्यांकन गर्ने अधिकार आदरणीय नगरबासीको नै रहेको छ।

संविधानले स्थानीय तहलाई अधिकार दिए पनि कानूनको अभावमा सुरुका केही वर्ष समस्याहरु रहेको अनुभव आदरणीय नगरबासीहरुले पनि गर्नुभएकै थियो। तर, त्यसपछिका दिनहरुमा नगरपालिकाले आफ्नो लय समातेर काम गरेको छ। विकास निर्माण, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायतका क्षेत्रमा उल्लेख्य कामहरु भएका छन्। विस्तृत विवरण समय समयमा सार्वजनिक गरी नै रहेका छौं।

झण्डै डेढ वर्षदेखि कोरोना महामारीका कारण विकासका कामहरुमा अवरोध पैदा भएको छ। तर, विकास निर्माणलाई स्वास्थ्य मापदण्डहरुको पालना गर्दै निरन्तरता दिइरहेका छौं। आम समृद्धिका लागि चार वर्ष छोटो समय हो। छोटै समयमा धेरै काम भएका छन्। त्यो भन्दा ठूलो कुरा त नगर विकासको आधार तयार भएको छ।

अहिले पनि कोरोना भाइरसकको दोस्रो भेरिएन्ट झनै तीव्र गतिले फैलिरहेको अवस्थामा नगरपालिकाले आदरणीय नगरबासीहरूको स्वास्थ्य सुरक्षा र उपचारका लागि प्रथमिकताका साथ विशेष सेवाहरू सञ्चालन गरिरहेको छ। यस महामारीको समयमा आदरणीय नगरबासीहरुलाई थप सजग र सचेत रहनुका साथै आवश्यकता परेको खण्डमा नगरपालिकाका जनप्रतिनिधिहरू र स्वास्थ्यकर्मीहरूलाई सम्पर्क गर्नुहुन अपिल गर्दछु।

बाँकी रहेको एक वर्षलाई पनि उपलब्धीमुलक र नगरबासीको सर्वोपरी हितका लागि कसरी उपयोग गर्न सकिन्छ भन्नेबारे मेरो गम्भीर चिन्तन रहेको छ। यसमा तपाईहरुको पनि सक्रिय सहभागिता, साथ र सुझावको अपेक्षा गर्दछु। अन्त्यमा, चौथो वर्ष पूरा भएको दिन म फेरि एक पटक आदरणीय नगरबासीहरुमा धन्यवाद तथा आभार व्यक्त गर्दछु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

"Unite To Fight Against Corona Virus COVID-19"

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np